# काँक्रेविहार
कर्णाली प्रदेशको पहिलो दैनिक
राष्ट्रिय दैनिक
www.kankrebihar.com






वर्ष : २६ | अंक : १३ | बुधवार, १४ असोज, २०८३ | Wednesday, 30 Sep 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रु. १०


# वीरेन्द्रनगरमा ट्राफिकको अटो अपरेशन: एकै दिन १४ अटो नियन्त्रणमा



**चाँदनी कठायत**
सुर्खेत, १३ असोज

केही दिनदेखि वीरेन्द्रनगरमा रहेका अटो चालकमाथि ट्राफिक प्रहरीले निगरानी राखिरहेका थिए। वीरेन्द्रनगरका विभिन्न स्थानमा जानका लागि अटोमा यात्रु बनेर चढेका व्यक्ति ट्राफिक प्रहरी हुन् भन्ने चालकलाई थाहा थिएन। गन्तव्य बताएपछि चालकले भाडा मागे यात्रु बनेका प्रहरीले चालकले मागेको भाडा र उक्त दूरीका लागि तोकिएको भाडा तुलना गरे। चालक र सादा पोशाकमा रहेका ट्राफिक प्रहरीबिचको कुराकानी रेकर्ड पनि भइरह्यो। तोकिएकोभन्दा बढी भाडा मागेको पाइएपछि अटो नियन्त्रणमा लिइयो।

नगर क्षेत्रमा चल्ने अटोले यात्रुसँग मनपरी भाडा असुल्ने, गन्तव्यअनुसार सेवा दिने वा नदिने, तीव्र गतिमा चलाउने तथा यात्रुसँग असहज व्यवहार गर्ने गुनासा बढेपछि राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय कर्णाली प्रदेशले सोमबारदेखि अटोमाथि विशेष अपरेशन थालेको हो। कार्यालयले सादा पोसाकका प्रहरीलाई यात्रु बनाएर अटोको भाडा, चालकको व्यवहार र ट्राफिक नियम पालनाको अवस्था परीक्षण गर्न थालेको छ।

अभियानको पहिलो दिनमै १४ वटा अटो नियन्त्रणमा लिइएको कार्यालयले जनाएको छ। तोकिएको भाडाभन्दा बढी रकम माग गरेको पाइएपछि ती अटो नियन्त्रणमा लिइएका हुन्। नियन्त्रणमा लिइएका चालकलाई नियमबारे सम्झाइबुझाइ गर्नुका साथै आगामी दिनमा त्यस्तो नगर्ने प्रतिबद्धतासहित कागज गराएर छाडिएको कार्यालयले जनाएको छ। राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय कर्णाली प्रदेशका प्रमुख प्रहरी उपरीक्षक (एसपी) मुकुन्दप्रसाद रिजालका अनुसार नगर क्षेत्रमा सञ्चालन हुने अटोका विषयमा नागरिकबाट लगातार गुनासा आएपछि यस्तो निगरानीको योजना बनाइएको हो। यात्रुले तोकिएकोभन्दा बढी भाडा तिर्नुपरेको, अटो चालकले आफूखुसी यात्रु लिने वा नलिने गरेको, छोटो दूरीका यात्रुलाई गन्तव्यसम्म लैजान आनाकानी गर्ने, तीव्र गतिमा चलाउने र यात्रुसँग राम्रो व्यवहार नगर्ने गुनासा आएको उनले बताए। 'तोकिएको भाडाभन्दा बढी भाडा असुल्ने, ओभरस्पिडमा चलाउने, व्यवहार नराम्रो गर्ने, आफूलाई मन परेको ठाउँमा जाने अथवा मन नपरेको ठाउँमा नजानेजस्ता गुनासा प्राप्त भएपछि हामीले अटोहरुलाई निगरानी गर्ने योजना बनाएका हौं,' एसपी रिजालले भने।

उनका अनुसार प्रदेश ट्राफिक प्रहरी र जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट प्रहरी निरीक्षकको कमान्डमा सादा पोसाकका प्रहरी परिचालन गरिएको छ। उनीहरुले सर्वसाधारण यात्रुजस्तै भएर अटो चढ्ने र चालकले मागेको भाडा तोकिएको दरसँग तुलना गर्ने गरेका छन्। यस क्रममा चालकलाई आफू ट्राफिक प्रहरीको निगरानीमा रहेको जानकारी हुँदैन। 'उहाँहरु ग्राहक बनेर जाने र पार्किङमा रहेका अटोहरुलाई कुनै निश्चित स्थानमा जाऊँ भन्नुहुन्छ,' एसपी रिजालले भने, 'त्यो क्षेत्रको भाडा कति हो र उसले त्यसभन्दा कति बढी भन्यो भन्ने कुरा यकिन गरेर कारबाही गर्ने गरेका छौं।'

### एक सातासम्म अभियान

एसपी रिजालका अनुसार यो अभियान तत्कालका लागि करिब एक सातासम्म सञ्चालन गरिनेछ। अटोबाट हुने मनपरी भाडा असुली रोक्नुका साथै यात्रुको सुरक्षित र सहज यात्रालाई बलियो बनाउने उद्देश्यले अभियान सञ्चालन गरिएको उनले बताए। 'यो अभियान हामी निरन्तर बाँकी पृष्ठ ४

### नियमित चेकजाँचभन्दा फरक विधि

*ट्राफिक प्रहरीले नियमित रुपमा सडकमा अटोको चेकजाँच गर्दा चालकले आफू निगरानीमा रहेको थाहा पाउने भएकाले वास्तविक अवस्था पहिचान गर्न कठिन हुने गर्छ। विशेषगरी भाडा असुलीको विषयमा चालकले प्रहरी देखेपछि तोकिएको भाडा लिने तर अन्य समयमा बढी रकम असुल्ने सम्भावना हुने भएकाले सादा पोसाकमा यात्रु बनेर अनुगमन गर्ने विधि अपनाइएको कार्यालयले जनाएको छ।*

*यात्रु बनेर अटोभित्रैबाट सेवा परीक्षण गर्दा चालकले यात्रुसँग कस्तो व्यवहार गर्छ, तोकिएको भाडा लिन्छ कि बढी रकम माग गर्छ, यात्रुले भनेको गन्तव्यमा जान तयार हुन्छ कि हुँदैन भन्ने विषय प्रत्यक्ष रुपमा परीक्षण गर्न सकिने प्रहरीको भनाइ छ।*

*विशेषगरी नगर क्षेत्रमा छोटो दूरीको सार्वजनिक यातायातका रुपमा अटोको प्रयोग बढ्दै गएको छ। सार्वजनिक बसको तुलनामा सहज रुपमा घर तथा गन्तव्य नजिक पुग्न सकिने भएकाले विद्यार्थी, कर्मचारी, ज्येष्ठ नागरिक तथा अन्य यात्रुको अटोप्रतिको निर्भरता बढेको छ। यात्रुको संख्या बढेसँगै अटोको व्यवस्थापन र नियमनको आवश्यकता पनि बढेको ट्राफिक प्रहरीको भनाइ छ।*

*तर, छोटो दूरीको सार्वजनिक यातायातका रुपमा अटोको प्रयोग बढ्दै जाँदा त्यससँग सम्बन्धित गुनासा पनि बढिरहेका छन्। एउटै दूरीमा फरक-फरक चालकले फरक भाडा माग्ने, यात्रु हेरेर गन्तव्यमा जाने वा नजाने, यात्रुलाई बीच बाटोमै ओराल्ने, सडकको जहाँ पायो त्यहीँ अटो रोक्ने तथा तीव्र गतिमा चलाउनेजस्ता समस्या देखिने गरेका छन्। तोकिएको भाडाभन्दा बढी रकम माग्ने प्रवृत्तिले यात्रुलाई प्रत्यक्ष आर्थिक भार पार्ने गरेको छ। एउटै दूरीमा फरक-फरक भाडा तिर्नुपर्ने अवस्था हुँदा यात्रुले आफूले तिर्नुपर्ने वास्तविक भाडाबारे अन्योलसमेत बेहोर्नुपर्छ। त्यसैले ट्राफिक प्रहरीले पहिलो चरणमा भाडा असुलीको विषयलाई निगरानीको मुख्य आधार बनाएको हो।*

# वर्षाले मध्यपहाडी राजमार्गको यात्रा जोखिमपूर्ण



**काँक्रेविहार संवाददाता**
सुर्खेत, १३ असोज

लगातारको वर्षा र पहिरोका कारण सडक भासिएपछि मध्यपहाडी राजमार्गको यात्रा जोखिमपूर्ण बनेको छ। वर्षाका कारण राजमार्गका विभिन्न स्थानमा पहिरो गएको छ भने सानीभेरी गाउँपालिका-१, चाइनाबगरमा सडक भाग भासिएको छ।

वडाध्यक्ष टेकबहादुर पुनले सडकको बढी भाग भासिए नदीतर्फको भागमा मिसिएकाले यात्रा डरलाग्दो बनेको बताए। उनका अनुसार वडा नं. १ कै विभिन्न स्थानमा पहिरोसमेत झरेर सडकमा क्षति भएको छ। पहिरोसँगै माथिबाट झर्ने ढुङ्गाका कारण यात्रा जोखिमपूर्ण बनेको छ।

भासिएको सडकमा एकतर्फी यातायातका साधन सञ्चालन हुने गरेका छन्। भासिएको सडक हरेक दिन नदीतर्फको भागमा खस्दै गएकाले सबै सडक भेरी नदीमा मिसिने डर रहेको वडाध्यक्ष पुनले बताए। सडक डिभिजन कार्यालय चौरजहारीले सडकका विभिन्न भागमा खसेको पहिरो पन्छाएर रुकुमपश्चिम क्षेत्रको सडक नियमित सञ्चालन भएको जनाएको छ।

कार्यालयका प्रमुख खुमबहादुर भण्डारीले कालेखोला, सोताको जङ्गल, चाइनाबगरलगायत स्थानमा पहिरो नियमित आउने गरेकाले डोजर तयारी अवस्थामा राखेर पहिरो पन्छाउने गरिएको बताए।

# भारी वर्षापछि बाढीका कारण २७ जनाको ज्यान गयो, १ हजार बढी परिवार प्रभावित



**काँक्रेविहार संवाददाता**
काठमाडौं, १३ असोज

गत बिहीबारदेखि आइतबारसम्म देशभरि परेको भारी वर्षाले २७ जनाको ज्यान लिएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार भारी वर्षाका कारण भएका विभिन्न घटनामा परेर २७ जनाले ज्यान गुमाएका छन् भने चार जना बेपत्ता भएका छन्। साथै, ८ जना घाइते भएका छन्।

अविरल वर्षाले १ हजार ८२ परिवार प्रभावित भएका छन् भने २२७ घरमा पूर्ण रूपमा क्षति पुगेको छ।

यस्तै, हिमलुङ हिमालमा आएको हिमपहिरोमा परेकामध्ये चार जनाको शव फेला परेको छ। २२ नेपाली त्यहाँ क्याप स्थापना गर्न गएका थिए।

उनीहरुको अहिले पनि हेलिकोप्टरमार्फत खोज तथा उद्धारको कार्य भइरहेको छ।

बंगालको खाडीमा उत्पन्न न्यूनचापीय प्रणालीका कारण ८ असोजदेखि ११ गतेसम्म देशभर भारीदेखि अतिभारी वर्षा भएको थियो।

यो वर्षाले जम्मा ५४२ वटा बाढीपहिरो तथा डुवानलगायतको घटना भएको प्राधिकरणले जनाएको छ।

# मुख्यमन्त्रीले गरे मन्त्रीसँग सम्झौता

**काँक्रेविहार संवाददाता**
सुर्खेत, १३ असोज

कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री मंगलबहादुर शाहीले विभागीय मन्त्रीहरूसँग कार्यसम्पादन सम्झौता गरेका छन्।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार मन्त्रीहरूसँग कार्यसम्पादन सम्झौता भएको हो।

कार्यसम्पादन सम्झौता पश्चात् मुख्यमन्त्री शाहीले विकास बजेट समय सीमाभित्रै कार्यान्वयन गर्न निर्देशन दिए। कर्णालीमा चुनौतीका रूपमा रहेको विकास बजेट कार्यान्वयनको



अवस्थालाई सुधार गर्नुपर्नेमा उनको जोड थियो।

साथै, अन्य कार्यसम्पादन पनि प्रभावकारी ढङ्गले सम्पादन गर्न सबै मन्त्री तथा सचिवहरूलाई शाहीले निर्देशन दिए। अब मन्त्रीहरूले सचिवसँग पनि कार्यसम्पादन सम्झौता गर्नेछन्।

साथै, उनले योजना अनुगमन प्रणालीलाई सकेसम्म प्रविधिसँग जोडेर लैजाने र अनुगमनलाई सहज, छिटो, नियमित र प्रभावकारी बनाउन एउटा छुट्टै सिस्टमको विकास गरेर प्रदेश सरकारले काम गर्ने बताए।

मुख्यमन्त्री शाहीले प्रमुख सचिव राधिका अर्यालसँग पनि कार्यसम्पादन सम्झौता गरेका छन्।

# मौसमविद् भन्छन्- अबको तीन दिन वर्षाको सम्भावना छैन, धान काट्नुहोस्



**काँक्रेविहार संवाददाता**
काठमाडौं, १३ असोज

अबको तीन दिन खासै वर्षाको सम्भावना नभएको मौसमविद्ले बताएका छन्।

मंगलबार, बुधबार र बिहीबार देशभर कतै पनि खासै वर्षाको सम्भावना नदेखिएको भन्दै मौसमविद् डेभिड ढकालले किसानलाई धान काट्न सुझाव दिएका छन्।

उनका अनुसार दिउँसोको समयमा घाम लाग्नेछ भने बिहानीपख विशेषगरी तराईमा र उपत्यकाहरूमा हल्का किसिमको हुस्सु लागेको छ। तर, धेरै स्थानमा पानी पर्ने सम्भावना नभएको उनको भनाइ छ। बुधबार र बिहीवारको मौसम पनि यस्तै नै हुनेछ। दिउँसोको समय खुलेको र घाम लागेको कारण धान काट्ने समय भएका किसानले काट्न सक्ने उनको भनाइ छ।

सम्पादकीय

# बढ्दो आत्महत्याको गम्भीर संकेत: जिम्मेवारी कसको ?

किशोरावस्था जीवनको अत्यन्त संवेदनशील चरण हो । यही उमेरमा बालबालिकाको शरीरसँगै भावना, सोच र व्यवहारमा तीव्र परिवर्तन आउँछ । उनीहरूलाई माया, साथ र भरोसा चाहिन्छ । तर यही समयमा उनीहरूको व्यवहारमा देखिने परिवर्तनलाई सामान्य ठानेर बेवास्ता गरियो भने त्यसको परिणाम गम्भीर हुन सक्छ । कर्णाली प्रदेश प्रहरीको तथ्यांकअनुसार पछिल्ला पाँच आर्थिक वर्षमा १८ वर्षमुनिका २ सय ८७ बालबालिका तथा किशोरकिशोरीले आत्महत्या गरेका छन् । आर्थिक वर्ष २०८०/८१ मा मात्रै ९० जनाले आत्महत्या गरेको तथ्यांक छ । यो तथ्यांक आफैमा अत्यन्त गम्भीर छ । अझ महत्वपूर्ण कुरा के हो भने आत्महत्या गर्ने अवस्थासम्म पुग्नुअघि ती बालबालिकाले कुनै न कुनै संकेत दिएका हुन सक्छन् । तर ती संकेत बुझिएनन् वा बुझेर पनि समयमै हस्तक्षेप हुन सकेन भने अन्ततः एउटा जीवन गुम्न सक्छ । अध्ययनहरूले पनि किशोरकिशोरीमा मानसिक तथा सामाजिक दबाब रहेको देखाएका छन् । ग्रामीण कर्णालीमा गरिएको अध्ययनमा किशोरकिशोरीमा शैक्षिक तनाव देखिएको छ । वीरेन्द्रनगरमा गरिएको अर्को अध्ययनले सामाजिक भय, एक्लोपन र कमजोर सामाजिक सम्बन्धको अवस्थालाई देखाएको छ । यस्ता समस्या सबैले आत्महत्या गर्छन् भन्ने होइन । तर यस्ता अवस्थाले उनीहरूको मानसिक स्वास्थ्यमा असर पार्न सक्ने भएकाले समयमै पहिचान र सहयोग आवश्यक हुन्छ ।

यसको जिम्मेवारी परिवारको मात्र होइन । विद्यालय पनि बालबालिकाले धेरै समय बिताउने ठाउँ भएकाले शिक्षकले उनीहरूको व्यवहारमा आएको असामान्य परिवर्तन बुझ्न सक्नुपर्छ । स्थानीय तहले मानसिक स्वास्थ्यलाई स्वास्थ्यका अन्य विषयजस्तै प्राथमिकतामा राख्नुपर्छ । प्रदेश सरकारले नीति र कार्यक्रम बनाएको छ । ७९ स्थानीय तहमध्ये ४३ स्थानीय तहमा मानसिक स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन भएको र विद्यालय तथा स्थानीय तहका लागि चालु आर्थिक वर्षमा ३० लाख रुपैयाँ बजेट छुट्याइएको उल्लेख छ । तर समस्या र जोखिमको आकार हेर्दा कार्यक्रमको पहुँच, निरन्तरता र प्रभावकारितामाथि पनि प्रश्न गर्नुपर्ने अवस्था छ । किशोरकिशोरीलाई मानसिक समस्या भयो भने उनीहरूलाई कमजोर ठान्ने, गाली गर्ने वा अनुशासनको नाममा दबाब दिने प्रवृत्ति बदलिनुपर्छ । उनीहरूले आफ्नो कुरा भन्न सक्ने वातावरण परिवारबाटै सुरु हुनुपर्छ । 'के भयो ?' भनेर सोध्नु मात्र पर्याप्त हुँदैन, उनीहरूको कुरा धैर्यपूर्वक सुन्ने संस्कार पनि विकास गर्नुपर्छ ।

आत्महत्याको घटना भएपछि मात्र मानसिक स्वास्थ्यको कुरा गर्नु पर्याप्त छैन । संकट आउनुअघि नै संकेत पहिचान गर्ने, संवाद गर्ने र आवश्यक परे विशेषज्ञको सहयोग लिने व्यवस्था बलियो बनाउनुपर्छ । विद्यालयमा नियमित मनोसामाजिक परामर्श, स्वास्थ्य संस्थामा सहज मानसिक स्वास्थ्य सेवा र समुदायमा सचेतना आवश्यक छ । आत्महत्याका घटनालाई समाचार बनाउँदा पनि संवेदनशीलता अपनाउनुपर्छ, किनकि यस्ता घटनाको सनसनीपूर्ण प्रस्तुतीकरणले अनुकरणको जोखिम बढाउन सक्ने चिकित्सकहरूले औँल्याएका छन् । किशोरकिशोरी भविष्यका नागरिक मात्र होइनन्, उनीहरु आजकै परिवार र समाजका सदस्य हुन् । उनीहरूको मन बुझ्नु कुनै अतिरिक्त जिम्मेवारी होइन, अभिभावक, विद्यालय, समाज र राज्य सबैको साझा दायित्व हो । एउटा किशोर/किशोरीको मौनता समयमै सुन्न सकियो भने एउटा सम्भावित दुर्घटना रोक्न सकिन्छ । त्यसैले घटना भएपछि पछुताउने होइन, घटना हुनुअघि नै किशोर मन बुझ्ने वातावरण निर्माण गर्न अब ढिला गर्नु हुँदैन ।

# दुई दशकपछि इराकबाट अमेरिकी सेना फिर्ता, इरानको प्रभाव बढ्ने

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १३ असोज

अमेरिकाले इराकमा रहेको आफ्नो अन्तिम सैन्य आधार शिविरबाट बुधबारसम्म सेना पूर्ण रूपमा फिर्ता बोलाउने भएको छ।

दुई दशकभन्दा लामो समय चलेको इराकमा युद्धमा ४,५०० भन्दा बढी अमेरिकी सैनिकले ज्यान गुमाएका थिए । यस्तो अवस्थामा इराकबाट अमेरिकी सेनाको बहिर्गमनलाई छिमेकी इरान र उसका सहयोगी समूहहरूले विजयका रूपमा अर्थ्याएका छन् ।

सन् २०२४ मा तत्कालीन राष्ट्रपति जो बाइडेनको कार्यकालमा भएको सम्झौता अनुसार डोनाल्ड ट्रम्प प्रशासनले इराकबाट सैनिक फिर्ता बोलाएको हो । इरानसँग युद्ध चलिरहेकै अवस्थामा इराकबाट सेना फिर्ता बोलाउने ट्रम्प प्रशासनको निर्णयप्रति धेरैले आश्चर्य प्रकट गरेका छन् । सुरक्षा विश्लेषकहरूले अमेरिकाको कदमबाट इरान र उसका सहयोगीहरूलाई इराकमा पकड जमाउने बाटो खोल्नुका साथै 'इस्लामिक स्टेट' जस्ता समूहहरूलाई पुनर्जीवित हुने अवसर दिनसक्ने चेतावनी दिएका छन् ।

इराकी सुरक्षा विश्लेषक जसिम अल–बहादुलीका अनुसार वर्षौंदेखि इराकको प्रभावलाई सन्तुलनमा राख्दै आएको अमेरिकी सैन्य उपस्थिति हट्दा यसबाट इरानले रणनीतिक लाभ उठाउनेछ । इरान समर्थक शिया लडाकु समूहहरूले यसलाई आफ्नो विजयका रूपमा प्रस्तुत गर्दै सुरक्षा र राजनीतिक निर्णय प्रक्रियामा आफ्नो प्रभाव बढाउन प्रयोग गर्ने उनको धारणा छ ।

# नेपालमा सुशासन देखाउने दाँत बन्नु हुँदैन



✍ उपेन्द्र विश्वकर्मा

नेपालमा 'सुशासन' भन्ने शब्द सुन्न थालेको धेरै भयो । राजनीतिक दलका घोषणापत्रमा सुशासन छ । सरकारका नीति तथा कार्यक्रममा सुशासन छ । नेताका भाषणमा पनि सुशासनकै कुरा हुन्छ । भ्रष्टाचार नियन्त्रण गर्ने, प्रशासनलाई पारदर्शी बनाउने, नागरिकलाई सहज सेवा दिने, जवाफदेहिता बढाउने कुरा दिनहुँजसो सुनिन्छ । तर व्यवहारमा हेर्दा प्रश्न उही छ–हामीले सुशासनलाई साँच्चिकै शासन गर्ने तरिका बनाएका छौँ कि भाषण र कागजमा देखाउने एउटा सुन्दर शब्द मात्रै बनाएका छौँ ?

सुशासनको वास्तविक परीक्षा सिंहदरबारको भाषणमा हुँदैन । गाउँको एउटा सामान्य नागरिक सरकारी कार्यालयमा पुग्दा कस्तो व्यवहार पाउँछ, त्यहाँबाट यसको सुरुवात हुन्छ । नागरिकले एउटा सामान्य सिफारिस लिन कति दिन धाउनुपर्छ ? कर्मचारी भेटिन्छन् कि भेटिँदैनन् ? काम गराउन बिचौलिया खोज्नुपर्छ कि पर्दैन ? सामान्य सेवाका लागि पनि अतिरिक्त पैसा तिर्नुपर्ने अवस्था छ कि छैन ? कार्यालयमा नागरिकको कुरा सुनिन्छ कि सुनिँदैन ? यिनै साना देखिने कुराले वास्तवमा राज्य कस्तो छ भन्ने देखाउँछन् ।

नेपालको संविधानले लोकतान्त्रिक शासन, सामाजिक न्याय, समावेशिता, मौलिक अधिकार र कानुनी शासनलाई महत्वपूर्ण आधारका रूपमा स्वीकार गरेको छ । संघीय शासन प्रणाली ल्याउनुको एउटा उद्देश्य पनि राज्यलाई नागरिकको नजिक पुऱ्याउनु थियो । स्थानीय तहलाई अधिकार दिइयो, स्रोत दिइयो र जिम्मेवारी पनि दिइयो । नागरिकले सामान्य कामका लागि केन्द्र धाउन नपरोस् भन्ने अपेक्षा थियो ।

तर एउटा कुरा बिर्सन मिल्दैन । सरकारका तह बढ्दैमा सुशासन बढ्दैन । अधिकार तल पुगेजस्तै जवाफदेहिता पनि तल पुग्नुपर्छ । नत्र संघीयता संरचना र कार्यालयको संख्या बढाउने अभ्यासमा मात्र सीमित हुन सक्छ ।

हाम्रो प्रशासनमा अहिले पनि एउटा समस्या देखिन्छ–प्रक्रिया धेरै, परिणाम कम । सामान्य कामका लागि पनि कागज थपिँदै जान्छन्, हस्ताक्षर थपिँदै जान्छन् र एउटा टेबलबाट अर्को टेबलमा फाइल घुमिरहन्छ । डिजिटल नेपालको कुरा धेरै हुन्छ । अनलाइन सेवा पनि विस्तार भएका छन् । तर कतिपय ठाउँमा अनलाइन फाराम भरेपछि फेरि उही कागज बोकेर कार्यालय पुग्नुपर्ने अवस्था छ । प्रविधि आयो, तर काम गर्ने शैली उस्तै रह्यो भने त्यसले नागरिकको झन्झट घटाउँदैन ।

कम्प्युटर राख्नु मात्रै डिजिटल शासन होइन । नागरिकको समय बचाउनु, खर्च घटाउनु र सेवा सहज बनाउनु डिजिटल शासनको उद्देश्य हुनुपर्छ । प्रविधि साधन हो, सुशासनको विकल्प होइन । सुशासन कमजोर हुनुमा राजनीतिक संस्कारको पनि ठूलो भूमिका छ । भ्रष्टाचारको कुरा गर्दा हामी प्रायः कर्मचारीलाई मात्र दोष दिन्छौँ । कर्मचारीतन्त्रको कमजोरी छ भने त्यसलाई सुधार्नुपर्छ । तर राजनीतिक संरक्षण, प्रशासनिक निर्णय र आर्थिक स्वार्थबीचको सम्बन्धलाई बेवास्ता गरेर भ्रष्टाचारको समस्या बुझ्न सकिँदैन । जब सार्वजनिक पदलाई सार्वजनिक जिम्मेवारीभन्दा व्यक्तिगत वा समूहगत स्वार्थ पूरा गर्ने माध्यम बनाइन्छ, त्यहाँ सुशासन कमजोर हुन्छ । अझ समस्या त्यतिबेला हुन्छ, जब राजनीतिक पहुँच भएका व्यक्तिका लागि एउटा नियम र सामान्य नागरिकका लागि अर्को व्यवहार देखिन थाल्छ ।

राजनीतिक दलहरूले भ्रष्टाचारविरुद्ध भाषण गर्नु राम्रो कुरा हो । तर त्यसको सुरुवात आफ्नै घरबाट हुनुपर्छ । पार्टीको आर्थिक स्रोत कति पारदर्शी छ ? निर्णय कसरी हुन्छ ? नेतृत्व कसरी चयन हुन्छ ? सार्वजनिक पदमा पुगेका आफ्ना नेतामाथि प्रश्न उठ्दा पार्टीले कसरी प्रतिक्रिया दिन्छ ? यी कुरामा पनि दलहरू जवाफदेही हुनुपर्छ ।

सुशासनको अर्को महत्वपूर्ण पक्ष सार्वजनिक खर्च हो । आखिर राज्यको पैसा कहाँबाट आउँछ ? नागरिकले तिरेको करबाट । त्यसैले राज्यले त्यो पैसा कहाँ खर्च भयो भनेर नागरिकलाई जानकारी दिनुपर्छ । विकासका नाममा बजेट खर्च भयो भनेर मात्र पुग्दैन । त्यसबाट नागरिकले के पाए भन्ने पनि देखिनुपर्छ ।

एउटा सडक बन्यो भने प्रश्न सडक बन्यो कि बनेन भन्नेमा मात्र सीमित हुनु हुँदैन । कति रकम खर्च भयो ? सडकको गुणस्तर कस्तो छ ? निर्माण गर्ने जिम्मा कसले पायो ? अनुगमन कसरी भयो ? सडक बनेपछि स्थानीय नागरिकलाई के फाइदा भयो ? यी सबै प्रश्नको जवाफ खोजिनुपर्छ ।

बेरुजुको विषय पनि यत्तिकै महत्वपूर्ण छ । बेरुजु भनेको लेखापरीक्षणको एउटा प्राविधिक शब्द मात्र होइन । यसले सार्वजनिक पैसा कसरी खर्च भइरहेको छ भन्ने कुरा पनि देखाउँछ । नियम नमानेर खर्च गर्ने, हिसाब स्पष्ट नगर्ने वा समयमै सुधार नगर्ने प्रवृत्तिले अन्ततः नागरिकको विश्वास घटाउँछ ।

त्यसैले बेरुजु घटाउने काम कागज मिलाउने अभ्यासमा मात्र सीमित हुनु हुँदैन । सार्वजनिक पैसा खर्च गर्ने व्यक्तिले त्यसको परिणामको जिम्मेवारी पनि लिनुपर्छ । पैसा खर्च भयो कि भएनभन्दा पनि सही ठाउँमा, सही तरिकाले र आवश्यक परिणाम आउने गरी खर्च भयो कि भएन भन्ने महत्वपूर्ण हो ।

सुशासनका नाममा देखिने अर्को समस्या हो–दिखावटी सुधार । कार्यालयमा नागरिक बडापत्र राखिएको हुन्छ । गुनासो पेटिका पनि हुन्छ । कतै सूचना पाटी देखिन्छ । वेबसाइट बनाइएको हुन्छ । सामाजिक सञ्जालमा कार्यालयका गतिविधिका तस्बिर पनि नियमित आउँछन् । यी सबै कुरा आवश्यक छन् । तर यतिले मात्रै सुशासन हुँदैन ।

नागरिक बडापत्रमा तीन दिनभित्र काम हुने लेखिएको छ, तर नागरिक तीन सातासम्म कार्यालय धाइरहनुपर्छ भने त्यो बडापत्रले के अर्थ राख्छ ? गुनासो पेटिका राखिएको छ, तर गुनासो सुन्ने र समाधान गर्ने व्यवस्था छैन भने त्यसको औचित्य के रह्यो ?

यहीँनेर 'देखाउने दाँत'को कुरा आउँछ । बाहिरबाट हेर्दा सबै ठीक देखिन्छ । कागज पनि मिलेको छ । सूचना पनि टाँसिएको छ । कार्यक्रम पनि भएको छ । तर नागरिकको वास्तविक समस्या जहाँको त्यहीँ छ । यस्तो सुशासनले नागरिकको जीवन बदल्दैन । सुशासनका लागि जिम्मेवारी पनि स्पष्ट हुनुपर्छ । निर्णय कसले गऱ्यो ? किन गऱ्यो ? निर्णयको परिणाम के आयो ? गलत भयो भने जिम्मेवार को हुन्छ ? यी प्रश्नको जवाफ खोज्ने संस्कार हामीकहाँ अझै बलियो हुन सकेको छैन ।

हामीकहाँ अधिकार प्रयोग गर्ने तर जिम्मेवारीबाट पन्छिने प्रवृत्ति कतिपय अवस्थामा देखिन्छ । निर्णय गर्दा धेरै जना संलग्न हुने, तर समस्या आएपछि जिम्मेवारी कसैको नहुने अवस्था पनि देखिन्छ । यस्तो प्रशासनिक संस्कारले सुशासन बलियो बनाउँदैन । सार्वजनिक पद भनेको अधिकार पाउने ठाउँ मात्र होइन, जवाफ दिने ठाउँ पनि हो । कानुनको समान कार्यान्वयन सुशासनको अर्को आधार हो । सामान्य नागरिकले कानुनको कठोरता भोग्ने तर पहुँच भएका व्यक्तिले कानुनी प्रक्रियामाथि प्रभाव पार्न सक्ने अवस्था आयो भने नागरिकको राज्यप्रतिको विश्वास कमजोर हुन्छ । कानुन बनाउनु मात्र पर्याप्त छैन । त्यसको निष्पक्ष कार्यान्वयन अझ महत्वपूर्ण छ ।

संघीयतापछि स्थानीय तह सुशासनको सबैभन्दा नजिकको परीक्षा दिने ठाउँ बनेको छ । नागरिकले संघीय सरकारको कामभन्दा पहिले आफ्नो गाउँ वा नगरपालिकाको काम देख्छ । जन्मदर्ता, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, कृषि, फोहोर व्यवस्थापन, विपद् व्यवस्थापनजस्ता सेवा उसले त्यहीँबाट पाउँछ ।

त्यसैले स्थानीय सरकार कति पारदर्शी छ, जनताको कुरा कति सुन्छ र आफ्नो निर्णयबारे कति जवाफ दिन्छ भन्ने कुरा निकै महत्वपूर्ण छ । नागरिकको नजिक पुग्दैमा सरकार असल हुँदैन । नागरिकको कुरा सुन्ने, निर्णयको कारण बताउने र गल्ती हुँदा स्वीकार गर्ने सरकार चाहिन्छ ।

यसमा नागरिक सहभागिताको पनि ठूलो अर्थ छ । विकास योजना बनाउँदा नागरिकलाई एउटा कार्यक्रममा बोलाएर हस्ताक्षर गराउँदैमा सहभागिता पूरा हुँदैन । कुन योजना चाहिएको हो, बजेट कहाँ खर्च गर्ने हो, योजना कसरी कार्यान्वयन गर्ने हो र काम ठीक भयो कि भएन भन्ने कुरामा नागरिकको भूमिका हुनुपर्छ ।

त्यसमा पनि महिला, दलित, जनजाति, अपांगता भएका व्यक्ति, गरिब तथा सीमान्तकृत समुदायको आवाज झन् महत्वपूर्ण हुन्छ । समावेशिता भनेको केवल प्रतिनिधित्वको संख्या होइन । निर्णय प्रक्रियामा उनीहरूको आवाज कति सुनियो र त्यसबाट उनीहरूको जीवनमा कस्तो परिवर्तन आयो भन्ने पनि हेर्नुपर्छ ।

सुशासनका लागि स्वतन्त्र सञ्चारमाध्यम र नागरिक समाजको भूमिका पनि उत्तिकै आवश्यक छ । सरकारले गरेका कामबारे प्रश्न उठाउनु सरकारविरोधी हुनु होइन । सार्वजनिक पदमा बसेका व्यक्तिलाई जवाफदेही बनाउनु लोकतन्त्रको स्वाभाविक प्रक्रिया हो ।

कुनै कार्यालयमा अनियमितता भयो भने त्यसबारे समाचार आउनु सरकारको अपमान होइन । बरु त्यसले सुधारको अवसर दिन्छ । पारदर्शी सरकार प्रश्नसँग डराउँदैन । प्रश्न सुन्छ, जवाफ दिन्छ र आवश्यक परे आफ्नो काम सच्याउँछ ।

अब नेपालले सुशासनलाई भाषणबाट व्यवहारमा उतार्नुपर्छ । त्यसका लागि धेरै ठूला कुरा गर्नैपर्छ भन्ने छैन । नागरिकले अनावश्यक रूपमा कार्यालय धाउन नपर्ने व्यवस्था गर्न सकिन्छ । सेवा दिने समय तोक्न सकिन्छ । तोकिएको समयमा काम नभए जिम्मेवार अधिकारीको जवाफ माग्न सकिन्छ । सरकारी खर्च र निर्णय सार्वजनिक गर्न सकिन्छ । सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइलाई औपचारिकताबाट बाहिर ल्याउन सकिन्छ ।

भ्रष्टाचार नियन्त्रण पनि निष्पक्ष हुनुपर्छ । अनुसन्धान र कारबाही व्यक्ति, दल वा पहुँच हेरेर होइन, प्रमाण र कानुनका आधारमा हुनुपर्छ । सार्वजनिक पदमा बसेका व्यक्तिको सम्पत्ति, स्वार्थ र निर्णय प्रक्रियामा पारदर्शिता बढाउनुपर्छ ।

त्यसैगरी राजनीतिक दलभित्र पनि सुशासनको अभ्यास हुनुपर्छ । बाहिर लोकतन्त्र र पारदर्शिताको कुरा गर्ने तर पार्टीभित्र निर्णय केही व्यक्तिले मात्र गर्ने, आर्थिक स्रोतबारे सदस्यलाई जानकारी नदिने र नेतृत्वमाथि प्रश्न गर्न नदिने संस्कारले लोकतान्त्रिक शासनलाई बलियो बनाउँदैन । राज्यका संस्था सुधार्न खोज्ने दलले आफ्नै संगठनभित्र पनि जवाफदेहिताको अभ्यास गर्नुपर्छ ।

अन्ततः सुशासन कुनै एउटा मन्त्रालय, आयोग वा सरकारको मात्र विषय होइन । यो राज्यका सबै संस्थाको व्यवहारसँग जोडिएको कुरा हो । राजनीतिक नेतृत्वदेखि कर्मचारीसम्म, स्थानीय सरकारदेखि संघीय सरकारसम्म, सबैले आफ्नो जिम्मेवारी बुझ्नुपर्छ । नागरिक समाज, सञ्चारमाध्यम र नागरिकको निगरानी पनि आवश्यक छ।

नागरिकले अब धेरै ठूलो कुरा खोजेका छैनन् । उसलाई आफ्नो काम समयमा होस् भन्ने चाहना छ । कार्यालयमा जाँदा सम्मानपूर्वक व्यवहार होस् भन्ने चाहना छ । उसले तिरेको कर सही ठाउँमा खर्च होस् भन्ने चाहना छ । कानुन सबैका लागि बराबर होस् भन्ने चाहना छ । यति कुरा सुनिश्चित गर्न सकियो भने सुशासनका लागि ठूलाठूला भाषण गरिरहनुपर्ने पनि हुँदैन ।

नेपालमा सुशासन देखाउने दाँत बन्नु हुँदैन । सूचना पाटीमा सुशासन लेखेर, भाषणमा भ्रष्टाचारविरोधी कुरा गरेर वा सामाजिक सञ्जालमा उपलब्धि देखाएर मात्र सुशासन आउँदैन । सुशासन नागरिकको दैनिक जीवनमा देखिनुपर्छ ।

एउटा किसानले सरकारी सेवा लिन बिचौलिया खोज्नु नपरोस् । एउटा वृद्धले सामाजिक सुरक्षा भत्ता लिन पटकपटक धाउन नपरोस् । एउटा विद्यार्थीले छात्रवृत्तिका लागि पहुँच खोज्नु नपरोस् । एउटा गरिब नागरिकले न्याय पाउन आफू शक्तिशाली नभएको महसुस गर्नु नपरोस् । एउटा सामान्य सेवाग्राहीले सरकारी कार्यालयमा आफूलाई सानो मान्छे ठान्नुपर्ने अवस्था नआओस् ।

यहींबाट सुशासन सुरु हुन्छ । नेपाललाई अब सुशासनको प्रदर्शन होइन, सुशासनको संस्कार चाहिएको छ । राज्यको अनुहार फेरिएको देखाउनुभन्दा राज्यको व्यवहार फेरिनु ठूलो कुरा हो । कागजमा सुन्दर देखिने शासनभन्दा नागरिकको जीवनमा सहजता ल्याउने शासन महत्वपूर्ण हुन्छ । अन्ततः सुशासनको अर्थ पनि यही हो–राज्य नागरिकका लागि हो भन्ने कुरा नागरिकले आफ्नै अनुभवबाट महसुस गर्न सक्नु ।

*(अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति विभागमा कार्यरत लेखक मध्यपश्चिम विश्वविद्यालय स्कुल अफ ल का पूर्व निर्देशक हुन् ।)*

# नारायणी किनार बाढीले बगरमा परिणत, स्थानीय भन्छन्- यतिठूलो पानी अहिलेसम्म देखेका थिएनौँ



❒ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १३ असोज

असोज ११ गते नारायणी नदीमा आएको बाढीका कारण चितवनको नारायणगढ नजिकको नदी किनारमा ठूलो क्षति पुगेको छ।

बाढीका कारण पर्यटकीय स्थलको रूपमा विकास हुँदै गएको नारायणी नदीको किनार पूर्ण रूपमा क्षति भएको छ। साँझपख मानिसको निकै चहलपहल रहने नारायणी नदीको किनार बाढीले बगरमा परिणत भएको छ। बाढीले नारायणगढको लिलाचोक तलदेखि पुलचोकसम्म क्षति पुऱ्याएको छ।असोज ११ गते नारायणी नदीमा हालसम्म कै उच्च ११ दशमलव ९ मिटर पानीको बहाव आएको जलमापन केन्द्रले जनाएको छ।

उक्त बाढीले नारायणगढमा रहेको नदी किनार नराम्रोसँग बिगारेको र हालसम्म यति धेरै पानी नारायणी नदीमा नदेखेको २०१९ साल देखि नारायणगढमा बसोबास गर्दै आएका स्थानीय प्रभात कुमार जोशीले बताए।

नारायणी नदी किनारको यो अवस्था प्रकृतिमाथिको खेलबाड र मानिसले हारेको नजिता भएको जोशीले बताए। नारायणी नदी किनार विकासको नाममा धेरै खर्च भए पनि आगामी दिनमा विकास निर्माणको काम गर्दा दीर्घकालीन सोचका साथ अघि बढाउनुपर्ने स्थानीयहरूले जनाएका छन्।

# दुई दिन पछि सऱ्यो कांग्रेस महाधिवेशन



❒ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १३ असोज

नेपाली कांग्रेसको १५औं महाधिवेशनको उद्घाटन समारोह दुई दिन पछि सरेको छ।कांग्रेसले मंगलबार जारी गरेको विज्ञप्तिमा १५औं महाधिवेशनको उद्घाटन समारोह १८ असोजको दिउँसो २ बजे काठमाडौंको खुलामञ्चमा हुने जनाइएको छ। यसअघि १६ असोजमा महाधिवेशनको उद्घाटन गर्ने तय भएको थियो पछिल्लो बाढीपहिरोलगायत घटनाका कारण उद्घाटन समारोहको मिति सारिएको कांग्रेसले जनाएको छ।

'नेपाली कांग्रेस १५औं महाधिवेशनअन्तर्गत वडा, गाउँपालिका र नगरपालिका अधिवेशन सम्पन्न भई प्रदेशसभा क्षेत्रीय अधिवेशन र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन सम्पन्न भइरहेका छन्', विज्ञप्तिमा भनिएको छ, 'यसै बीचमा देशमा विभिन्न स्थानमा भारी वर्षाका कारण उत्पन्न असहज परिस्थितिले गर्दा केही निर्वाचन क्षेत्रहरूमा क्षेत्रीय अधिवेशन र महाधिवेशन प्रतिनिधि चयन प्रक्रिया जारी रहेको जानकारी निर्वाचन समिति र पार्टीका तहगत कार्यसमितिबाट प्राप्त भएको छ। यस परिस्थितिलाई मध्येनजर गरी १५औं महाधिवेशन उद्घाटन समारोह २०८३ असोज १८ गते २ बजे खुलामञ्चमा हुने व्यहोरा यसै विज्ञप्तिमार्फत जानकारी गराइन्छ।'

# रसुवाका १३ वटा बालमैत्री केन्द्रमा ४६२ बालबालिका आश्रित

❒ **काँक्रेविहार संवाददाता**
रसुवा, १३ असोज

विपद्का कारण प्रभावित बालबालिकाको संरक्षण र मनोसामाजिक विकासका लागि जिल्लाका विभिन्न स्थानमा १३ वटा बालमैत्री केन्द्र स्थापना गरिएको छ।

नेपाल रेडक्रस सोसाइटीले युनिसेफको सहयोगमा ती केन्द्र स्थापना र सहजीकरण गरेको हो। भोटेकोशी बाढीबाट उत्पन्न विपद्को अवस्थालाई मध्यनजर गर्दै प्रभावित बालबालिकालाई सुरक्षित, सहज र बालमैत्री वातावरण उपलब्ध गराउने उद्देश्यले ती केन्द्र सञ्चालनमा ल्याइएका हुन्।



हालसम्म स्थापना गरिएका केन्द्रमध्ये नौ वटा केन्द्र पूर्ण रूपमा सञ्चालनमा आइसकेका छन् भने बाँकी चार वटा सञ्चालनको क्रममा छन्। हाल सञ्चालनमा रहेका केन्द्रमा ४६२ जना बालबालिकाले आश्रय पाएका छन्। केन्द्रमा आउने बालबालिकाको उमेर र आवश्यकताअनुसार खेलकुद, मनोरञ्जन, सिकाइ, सिर्जनात्मक, मनोसामाजिक सहयोगसम्बन्धी गतिविधि सञ्चालित छन्।

केन्द्रले बालबालिकालाई विपद्पछिको परिस्थितिमा सुरक्षित र सकारात्मक वातावरणमा आफ्ना भावना व्यक्त गर्न, साथीसँग घुलमिल हुन र रचनात्मक कार्यमा सहभागी हुन ठूलो अवसर प्रदान गरेको छ।हाल ती केन्द्रमा २१९ जना बालक र २४३ जना बालिका छन्। उमेर समूहका आधारमा पाँच वर्षभन्दा कम उमेरका ८८ जना र पाँच वर्ष उमेर समूहभन्दा माथिका ३७४ जना छन्। केन्द्रमा सहभागी बालबालिकामध्ये एक जना अपाङ्गता भएका रहेको नेपाल रेडक्रस सोसाइटी रसुवा शाखाले जनाएको छ।

# यस्ता छन् मंगलबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णय

❒ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १३ असोज

सरकारले स्वास्थ्य क्षेत्रको सुधारका लागि अमेरिकी सरकारबाट प्राप्त हुने २०.७ मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू सार्वजनिक गर्दै सरकारका प्रवक्ता एवम् शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले अर्थ मन्त्रालयको प्रस्तावमा उक्त वैदेशिक अनुदान सहायता स्वीकार गर्ने निर्णय भएको जानकारी दिएका हुन्। बैठकले पूर्वाधार विकास तथा राष्ट्रिय सुरक्षासँग सम्बन्धित संरचना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र उपयोग गर्न दिने स्वीकृति प्रदान गरेको छ। जसअन्तर्गत पूर्व-पश्चिम राजमार्गअन्तर्गतको कमला-ढल्केबर-पथलैया सडक खण्ड, गर्जाङ खोला साना जलविद्युत् आयोजना, बलेफी खोला जलविद्युत् आयोजना तथा सशस्त्र प्रहरी बल नेपाललाई तालिम शिक्षालय, गुल्म र सीमा सुरक्षा पोस्ट (बीओपी) निर्माण गर्न राष्ट्रिय वन क्षेत्रको जग्गा उपयोग गर्न दिइने भएको छ।



यसैगरी कानुन निर्माण प्रक्रियालाई अगाडि बढाउँदै बैठकले विभिन्न तीन वटा महत्त्वपूर्ण विधेयकहरू संघीय संसद्मा पेस गर्न स्वीकृति प्रदान गरेको छ। मन्त्री पोखरेलका अनुसार संघीय निजामती सेवा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, पशु वधशाला र मासु जाँच ऐन २०५५ लाई संशोधन गर्न बनेको विधेयक तथा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद्मा पेस गर्न स्वीकृति दिइएको हो।

मन्त्रिपरिषद् बैठकले निजामती प्रशासनका दुई सहसचिवलाई राजपत्राङ्कित विशिष्ट श्रेणी (सचिव) पदमा बढुवा गरी पदस्थापन समेत गरेको छ। नेपाल प्रशासन सेवा समूहीकरणतर्फका सहसचिव आवास श्रेष्ठ कर्णलाई बढुवा गरी गण्डकी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रमुख सचिव पदमा पदस्थापन गरिएको छ भने नेपाल इन्जिनियरिङ सेवा समूहीकरणतर्फका डा. जगदीश्वर कर्माचार्यलाई सचिवमा बढुवा गरी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको सचिव पदमा पदस्थापन गरिएको छ। निर्णयहरू सार्वजनिक गरेपछि पत्रकारहरूसँग कुराकानी गर्दै प्रवक्ता पोखरेलले पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई पक्राउ वा नियन्त्रणमा नलिइएको, बरु परिवारकै तर्फबाट सुरक्षा माग भएपछि सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर उद्धार गरी सुरक्षित स्थानमा राखिएको दाबी गरे । खेलकुद क्षेत्रका विषयमा बोल्दै उनले लामो समयदेखि घरेलु लिग नहुँदा खेलाडीहरू मारमा परेकाले सरकार घरेलु लिग सञ्चालन गर्ने तयारीमा रहेको र खेल क्षेत्रको जग बलियो बनाउन देशभरका २७ ठाउँमा खेल पूर्वाधार निर्माणको कार्य अघि बढाइएको जानकारी समेत दिए।

# सरुवा भएका हमाल रमाना नबुझी बजेट लेख्दै, खटाइएका रिजाल 'बरन्डा' मा

❒ **काँक्रेविहार संवाददाता**
धनगढी, १३ असोज

संघीय सरकारले सरुवा गरेको दुई साता बितिसक्दा पनि सुदूरपश्चिम प्रदेशका आर्थिक मामिला मन्त्रालयका सचिव राजेन्द्रकुमार हमाल रमाना नबुझी बजेट निर्माणमै सक्रिय छन् । सुदूरपश्चिम प्रदेशमा संघीय सरकारले पठाएका सहसचिव बलराम रिजाल भने धनगढी आएर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा हाजिर गरे पनि जिम्मेवारीविहीन अवस्थामा बसेका छन् ।

मन्त्रिपरिषद्को भदौ ३१ गतेको निर्णयअनुसार भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव हमाललाई राष्ट्रिय महिला आयोग (काठमाडौं) को सचिव पदमा सरुवा गरेको थियो। तर, सरुवा भएको लामो समय बित्दासमेत उनले रमाना बुझेका छैनन्।

यसैबीच, संघीय सरकारले पूर्वाधार विकास मन्त्रालयका सहसचिव बलराम रिजाललाई प्रदेश सचिवका रूपमा सुदूरपश्चिम खटाएको छ। भदौ २५ गतेको मन्त्रिपरिषद् बैठक तथा भदौ ३१ गते सामान्य प्रशासन मन्त्रालयले जारी गरेको पत्रअनुसार रिजाल सोमबार धनगढी पुगेका थिए । उनले मंगलबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा हाजिर गरे पनि अहिलेसम्म कुनै मन्त्रालयको जिम्मेवारी तोकिएको छैन।

'सरुवा भएर आइयो, तर जिम्मेवारी तोकिएको छैन। मंगलबारबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा हाजिर भएको छु,' रिजालले भने।

अर्थ र राजस्व प्रशासनका अनुभवी रिजालले यसअघि संघीय अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग तथा लगानी बोर्डको सहसचिव एवं प्रवक्ताका रूपमा काम गरिसकेका छन्।

**सत्तापक्षभित्रै असन्तुष्टि**

बजेट निर्माणको चटारोका बेला नयाँ आएका सचिवलाई जिम्मेवारी नदिई सरुवा भइसकेका हमाललाई नै बजेट लेखनमा सक्रिय गराइएपछि सत्ता गठबन्धनभित्रै विवाद चुलिएको छ। पूर्वअर्थमन्त्री एवं सार्वजनिक लेखा समितिका सभापति अक्कल रावल सरुवा भइसकेका कर्मचारीले बजेट बनाउनु गलत भएको बताउँछन्।

'सरुवा भइसकेपछि पनि आफैँ बजेट बनाउँछु भन्नु प्रशासनिक मर्यादाविपरीत हो, राज्यले खटाएको ठाउँमा जानुपर्छ,' उनले भने, 'यस्ता बेथितिले प्रदेश सरकारप्रति जनताको विश्वास थप घट्दै जान्छ।' गत असार १ गते तत्कालीन सरकारले प्रदेशसभामा प्रस्तुत गरेको बजेट पारित हुन नसकेपछि सुदूरपश्चिम लामो समयदेखि बजेट होलिडेमा छ। भदौभित्रै बजेट ल्याउने दाबी असफल भएपछि सरकारले असोज १५ सम्म ल्याउने भने पनि मन्त्रालयहरूको योजना प्रविष्टि नसकिएकाले बजेट अझै अनिश्चित छ । त्यसमाथि अर्थसचिवको किचलोले प्रक्रिया झन् अन्योलमा परेको छ ।

**अघिल्लो बजेट विवाद र हमालको भूमिका**

गत असारमा बजेट निर्माणका क्रममा अर्थ मन्त्रालयले हस्तक्षेप गरेको, सरकारको नीति तथा प्राथमिकताविपरीत बजेट ल्याएको आरोप लागेपछि तत्कालीन सत्ता गठबन्धन भत्किएको थियो । त्यतिबेला पनि सचिव हमालमाथि बजेट प्रक्रियामा गडबडी गरेको आरोप लाग्यो । तत्कालीन समयमा एमालेले हमालको सरुवा माग गरेको थियो । अहिले एमालेकै चक्रबहादुर मल्ल आर्थिक मामिला मन्त्री भए पनि तिनै हमालले बजेट बनाइरहेका छन्। केन्द्रका केही प्रभावशाली नेता र अघिल्लो सरकारनिकट स्वार्थ समूहले कमिसन फरफारक र योजना व्यवस्थापनका लागि हमाललाई नै सुदूरपश्चिममा रोक्न मुख्यमन्त्री तथा प्रमुख सचिवमाथि दबाब दिइरहेको स्रोतको दाबी छ । 'संघीय सरकारले सरुवा गरिसकेपछि पनि जान नमान्नुको पछाडि ठूलो स्वार्थ रहेको हामीलाई लागेको छ,' एक मन्त्रीले भने ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# खाद्यान्न अभाव नहुने

❒ काँक्रेविहार संवाददाता
सुर्खेत, १३ असोज

कर्णाली प्रदेशमा यस वर्ष खाद्यान्न अभाव नहुने भएको छ। अघिल्ला वर्षमा चाडपर्वको मुखैमा हुने खाद्यान्न अभाव यस पटक नहुने भएको हो।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले दसैंतिहार र छठको अवधिमा कुनै पनि खाद्यान्न अभाव हुन नदिने जनाएको छ। खास गरी माथिल्लो कर्णालीका केही जिल्लामा बर्सेनि खाद्यान्न अभाव हुने गरेको छ। स्थानीय उत्पादन कम हुने ती जिल्लामा आयातित खाद्यान्नको भर पर्नुपर्ने बाध्यता छ। जसले गर्दा चाडपर्वकै समयमा खाद्यान्न अभाव भएर नागरिकले समस्या भोग्दै आएका थिए। दसैं र तिहारअघि नै कर्णालीका माथिल्लो जिल्लामा खाद्यान्न ढुवानी भइसकेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी



कर्णाली प्रदेश प्रादेशिक कार्यालयका प्रमुख केशव बुढाले बताए। हुम्लामा मात्र दसैंअघिसम्म खाद्यान्न पुर्‍याउने काम भइरहेको उनले जानकारी दिएका छन्। शाखा सिमकोट, डिपो सर्केगाड र श्रीनगरमा स्टक खाद्यान्न राखिएको छ।

यसै गरी विभिन्न जिल्लामा चाडपर्व लक्षित सुपथ मूल्य पसलसमेत सञ्चालन गरिरहेको कम्पनीले कर्णालीका ८१ वटा वितरण केन्द्रबाट खाद्यान्न वितरण गर्दै आएको छ। हुम्लामा १३, मुगु, डोल्पा र जाजरकोटमा १२/१२, जुम्लामा सात, कालीकोटमा १४, दैलेखमा चार, रुकुमपश्चिममा पाँच र सुर्खेतमा दुई वटा वितरण केन्द्रमा ढुवानीका लागि टेन्डर स्वीकृत भएर वितरणको काम धमाधम भइरहेको जनाइएको छ।

विगतका वर्षमा सदमुकामका वितरण केन्द्रबाट सञ्चालन हुने गरेकोमा यस वर्षदेखि ८१ वटा वितरण केन्द्रमा छुटको कोटा बाँडफाँट गरेर गाउँकेन्द्रित बिक्री केन्द्रबाट पनि वितरण भइरहेको प्रमुख बुढाले बताए।

कर्णालीमा खाद्यान्न छुटका लागि यस वर्ष एक करोड ४० लाख ५३ हजार विनियोजन भएको थियो।

गत वर्ष चाडपर्वलक्षित सुपथ पसल सञ्चालन हुने गरेकोमा यस वर्षदेखि वर्षभरि नै सुपथमा खाद्यान्न बिक्रीवितरण भइरहेको छ। यो वर्ष साउन अन्तिम सातादेखि सुपथ पसल सञ्चालनमा आएको छ।

सुर्खेत कार्यालयमा कम्पनीले उपभोक्तालाई चाडपर्वका लागि १३ हजार क्विन्टल चामल, ६४० क्विन्टल दाल, ४० हजार लिटर तेल र ४५० क्विन्टल चिनी मौज्दातमा राखेको छ। आवश्यक परेको खण्डमा अन्य कार्यालयबाट पनि पूर्ति गर्न सकिने गरी मौज्दात र आपूर्तिसमेत भइरहेको कार्यालय प्रमुख बुढाले जानकारी दिएका छन्। चाडपर्वमा दैनिक उपभोग्य वस्तुको अभाव, कालोबजारी र अखाद्य वस्तुको आपूर्ति हुने गरेको छ। सरकारले सुपथ पसल सञ्चालनमा ल्याएसँगै निकै सहज भएको जनाइएको छ।

# कांग्रेसलाई लास र दासको पार्टी बनाइयो भन्दै दैलेखको दुल्लूमा आकांक्षीले गरे तालाबन्दी

❒ काँक्रेविहार संवाददाता
दैलेख, १३ असोज

नेपाली कांग्रेसको १५ औं महाधिवेशनका लागि दैलेख २ मा महाधिवेशन प्रतिनिधि चयनमा लास र दासलाई नै मौका दिन खोजिएको भन्दै निर्वाचन अधिकृतको कार्यालयमा तालावन्दी गरिएको छ।

तालावन्दी गर्ने केन्द्रीय महाधिवेशन प्रतिनिधिका सशक्त उम्मेदवार चन्द्रबहादुर शाहीले नयाँ काँग्रेस लास र दासहरुको नहुने भने पनि लास र दासहरुले नै हालीमुहाली गरी सर्वसम्मतको नाउँमा प्रतिनिधि छनोट गर्न खोजेपछि तालाबन्दी गरिएको बताए।

'कलष्टर नै फेरबदल गरी सर्वसम्मतको नाममा लास र दासलाई फेरि माथि पठाउने योजना बनाइयो। चुनावको सुरसार गरिएन।

निर्वाचन तालिकाअनुसार पनि चलिएन भने विधि र विधानविपरीतका कार्य भइरहँदा हामी चुप लाग्न सकेनौं,' उनले भने, 'कम्तीमा पार्टीमा उम्मेदवार बन्न इच्छुकलाई अवसर दिनुपर्नेमा पुरानै अनुहार दोहोर्‍याउने रणनीति तय गरेका कारण हामीले तालावन्दी गरेका हौं।'

यता, निर्वाचन अधिकृत शम्शेर शाहीले तालावन्दी भएको स्वीकारे।

'उहाँहरुले तालावन्दी गरिसक्नु भएको छ। तालावन्दी गर्ने २०-२५ जना हुनुहुन्छ,' उनले भने, 'अहिललाईनिर्वाचन प्रक्रिया अवरुद्ध भएको छ।'

उनले नेपाली कांग्रेस जिल्ला कार्यसमिति र केन्द्रीय समितिको निर्देशन आएमा सोहीअनुसार प्रक्रिया सुरु गर्ने बताए।

'म अहिले नै केही गर्न सक्ने अवस्थामा छैन।' पार्टी जिल्ला र केन्द्रले जे निर्देशन दिन्छ त्यहीअनुसार हामी अघि बढछौं,' उनले भने।

## नारायण नगरपालिकाको अनुरोध

- जन्म, मृत्यु, विवाह, बसाइसराइजस्ता ब्यक्तिगत घटना वडा कार्यालयमा गई ३५ दिनभित्र निःशुल्क दर्ता गरौं।
- चाडपर्वको संरक्षण र सम्वर्द्धन गरौं। चाडपर्वमा फजुल खर्च नगरौं। हाम्रा सांस्कृतिक पर्वहरुको जर्गेना गरौं।
- लैङ्गिक हिंसारहित समाज आदर्श समाज हो, यस्तो समाज निर्माणमा हामी सवै सहभागी बनौं।
- ज्येष्ठ नागरिकको सम्मान गरौं। सभ्यताको परिचय दिऔं।
- बालबालिकालाई उचित माया, ममता र सम्मान गरौं, बालश्रमको अन्त्य गरौं।
- सार्वजनिक जग्गाहरु जस्तैः बाटो, मठमन्दिर, ढल, नाला, चौक, पोखरी अतिक्रमण गरी घर, कम्पाउण्ड र टहरा निर्माण नगरौं।
- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ त्यसैले डेंगीबाट बच्च लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं, घर कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं, पानी राखेको भाँडालाई छोपेर राखौं।

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, दैलेख

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०६/१४**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री प्रतिभा खड्का** धनी रहेको, **दर्ता नम्बर** ९६२६/०७९/०८० बाट **चिङ्गाड-३, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री चिङ्गाड मालिका राइस मिल उद्योग** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०६/१४**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री हरिबहादुर चपाई** धनी रहेको, **दर्ता नम्बर** ६२२४/०७६/०७७ बाट **वीरेन्द्रनगर-१५ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री बाझखेत कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

# वीरेन्द्रनगरमा...

रूपमा एक हप्ताजति सञ्चालन गर्नेछौं,' रिजालले भने, 'विशेषगरी अटोको बेथिति र आफूखुसी भाडा असुल्ने प्रवृत्तिलाई रोक्न तथा सुरक्षित यात्रालाई बलियो बनाउन अभियान चलाइएको हो।'

उनका अनुसार अभियानको क्रममा संकलन हुने विवरणका आधारमा अटो सञ्चालनमा देखिएका समस्या र चालकको व्यवहारको अवस्था पहिचान गरिनेछ। त्यसपछि आवश्यकताअनुसार निगरानी र नियमनलाई थप प्रभावकारी बनाउने तयारी छ। ट्राफिक प्रहरीका अनुसार अभियानको उद्देश्य धेरैभन्दा धेरै अटो नियन्त्रणमा लिएर कारबाही गर्नु होइन। चालकलाई नियम पालना गराउने, यात्रुलाई तोकिएको भाडामै सेवा उपलब्ध गराउने र सार्वजनिक यातायातलाई सुरक्षित तथा व्यवस्थित बनाउने मुख्य उद्देश्य रहेको रिजालले बताए। 'हाम्रो उद्देश्य अटो धेरै नियन्त्रणमा लिनु मात्र होइन। चालकलाई नियम पालना गराउने र यात्रुलाई सुरक्षित तथा सहज सेवा उपलब्ध गराउनु पनि हो,' उनले भने।

ट्राफिक प्रहरीले अटो चालकलाई तोकिएको भाडामै यात्रु बोक्न, यात्रुसँग मर्यादित व्यवहार गर्न, तोकिएको स्थानमा मात्र सवारी रोक्न तथा सडक र ट्राफिक नियम पालना गर्न आग्रह गरेको छ। यात्रुले पनि तोकिएकोभन्दा बढी भाडा मागेमा, गन्तव्यमा जान अस्वीकार गरेमा वा चालकले अन्य ट्राफिक नियम उल्लंघन गरेमा सम्बन्धित ट्राफिक प्रहरीलाई जानकारी गराउन सक्ने कार्यालयले जनाएको छ।

अटो चालकको मनपरी रोक्न नियमित निगरानीसँगै यात्रुको गुनासो पनि महत्वपूर्ण हुने प्रहरीको भनाइ छ। यात्रुले आफूले भोगेको समस्या तत्काल जानकारी गराएमा त्यस्ता चालक र अटोमाथि आवश्यक कारबाही गर्न सहज हुने कार्यालयले जनाएको छ। एक सातासम्म सञ्चालन हुने अभियानबाट नगर क्षेत्रमा चल्ने अटोको भाडा असुली, चालकको व्यवहार, गति र ट्राफिक नियम पालनाको अवस्थाबारे थप तथ्य प्राप्त हुने अपेक्षा गरिएको छ। अभियानबाट प्राप्त विवरणका आधारमा आगामी दिनमा अटो व्यवस्थापन तथा ट्राफिक निगरानीलाई थप प्रभावकारी बनाउने प्रहरीको तयारी छ।

अटो छोटो दूरीका यात्रुका लागि महत्वपूर्ण सार्वजनिक यातायातको साधन बन्दै गएको अवस्थामा त्यसको सेवा पनि यात्रुमैत्री र नियमसम्मत हुनुपर्ने देखिन्छ। यात्रुले पनि तोकिएको भाडा र नियमबारे जानकारी राख्ने तथा समस्या परेमा सम्बन्धित निकायमा गुनासो गर्ने हो भने अटो सञ्चालनमा देखिएका बेथिति न्यूनीकरण गर्न सहयोग पुग्नेछ एसपी रिजालले नगरपालिकासँग समन्वय गरी अटोभाडामा एकरुपता ल्याउनका लागि पहल गरिने बताए।

राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय कर्णाली प्रदेशले सुरक्षित सडक अभियानअन्तर्गत अन्य विभिन्न कामहरु गर्दै आएको छ। अटोमाथिको निगरानीसँगैसवारीको गति परीक्षण, मापसे जाँच, क्षमताभन्दा बढी यात्रु बोक्ने सवारीमाथि निगरानी, दुर्घटना बढी हुने स्थानको पहिचान, ट्राफिक संकेत तथा सचेतनामूलक बोर्ड राख्ने, चालक तथा सहचालकको स्वास्थ्य परीक्षणलगायतका काम गर्दै आएको छ। कर्णालीमा दुर्घटना बढी हुने ६५ वटा स्थानसमेत पहिचान गरी सडक सुरक्षाका लागि सम्बन्धित निकायलाई सुधारका लागि सुझाव दिइएको छ।







काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)